**नेपालले फेरि पनि सन्धि दायित्व उल्लंघन गरेको संरासं मानवअधिकार समितिको ठहर**

*१८० दिनभित्र पीडितलाई प्रभावकारी उपचारको व्यवस्था गर्न सरकारलाई निर्देशन*

गत २०६७ चैत २९ गते संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले गरेको एक फैसलामा नेपालले फेरि पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आइसिसिपिआर) अन्तर्गतको सन्धि दायित्व उल्लंघन गरेको बताएको छ ।

मानवअधिकार समितिको यो निर्णयलाई एड्भोकेसी फोरम स्वागत गर्दछ र यो फैसलाको सम्मान गर्दै नेपाल सरकारले आफ्नो दायित्व निर्वाह गरोस् भनी अनुरोध गर्दछ । तत्काल ठोस कदम चाल्दै पीडित युवराज गिरीमाथि भएको यातना तथा दुर्व्यवहारको प्रभावकारी तथा चुस्त अनुसन्धान गर्ने सुनिश्चितता गरी यातनाका लागि जिम्मेवार ठहरिएकालाई कारबाही तथा दण्ड र पीडित र उनको परिवारलाई पर्याप्त क्षतिपूर्ति दिई प्रभावकारी उपचार गर्ने आफ्नो दायित्व पूरा गर्नसमेत सरकारसमक्ष एड्भोकेसी फोरम अनुरोध गर्दछ । पीडित तथा उनका परिवारमाथि हुनसक्ने प्रतिशोध वा धाकधम्कीबाट उनीहरूलाई सुरक्षित राख्ने जिम्मेवारी समेत राज्यको रहन्छ । यससम्बन्धमा भएका प्रगति समितिसमक्ष १८० दिनभित्र पेश गरिसक्नुपर्ने भनी समितिले नेपाल सरकारलाई निर्देशन समेत दिएको छ ।

आइसिसिपिआर र ऐच्छिक आलेखको अनुमोदन गरेका राष्ट्रका नागरिकले आइसिसिपिआरले तोकेका अधिकार उल्लंघन भएको अनि न्यायको आशामा विद्यमान राष्ट्रिय कानुनी उपचार नपाएको अवस्थामा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिसमक्ष लिखित उजुरी दाखिला गर्नसक्ने व्यवस्था आइसिसिपिआरको प्रथम ऐच्छिक आलेखले गरेको छ । नेपाल आइसिसिपिआर तथा ऐच्छिक आलेख दुवैको पक्षराष्ट्र हो ।

२०६१ वैशाख १७ गते अपराह्न ४ तथा ५ बजेको बीचमा युवराज गिरीलाई कालिदल वाहिनीबाट खटिएका तत्कालीन शाही नेपाली सेनाका सैनिकले लकनावर गाउँ, कोहलपुर गाविस, वडा नं ७ बाट जबर्जस्ती पक्राउ गरी शाही नेपाली सेनाको तत्कालीन मध्यपश्चिम पृतना मुख्यालय इमामनगर ब्यारेकमा गैरकानुनी थुनामा राखेका थिए । सैनिकहरूले गिरीलाई पक्राउ गर्नुपर्ने कारण बताएनन् तथा पक्राउका बखत उनको अधिकारका बारेमा समेत केही भनेनन् । इमामनगर सैनिक ब्यारेकमा सैनिकहरूले उनलाई लगभग १३ महिना (२०६१ वैशाख १७ देखि २०६२ वैशाख २९ गतेसम्म) अँध्यारो कोठरीमा कसैसँग सम्पर्क गर्न नदिई थुने । थुना अवधिभर गिरीलाई उनको परिवार वा कुनै कानुन व्यवसायीसँग सम्पर्क गर्ने अनुमति थिएन । उनलाई पर्याप्त खानेपानी, खाना

तथा उचित सुत्ने व्यवस्था उपलब्ध गराइएन । थुनामा रहँदा उनलाई सैनिकहरूले यातना तथा क्रूर, अमानवीय र अपमानजनक व्यवहार गरे । २०६२ वैशाख २९ गते उनलाई सैनिकहरूले इमामनगर ब्यारेकबाट बाँके जिल्ला प्रहरी कार्यालयमा सारे । २०६२ वैशाख ३० गते प्रमुख जिल्ला अधिकारीको आदेशमा उनलाई बाँके जिल्ला कारागारमा सारियो । उनलाई जिल्ला कारागारमा १२६ दिनसम्म थुनेपछि पुनरावेदन अदालत नेपालगंजको आदेशमा २०६२ भाद्र ३० गते रिहा गरियो ।

पीडितमाथि यातना भएका बेला भूतपूर्व प्रधानसेनापति र तत्कालीन शाही नेपाली सेनाका क्षेत्रीय प्रमुख रूक्माङ्गद कटुवाल नेपाली सेनाको मध्यपश्चिम पृतना मुख्यालयका प्रमुख पनि रहेका थिए जसअन्तर्गत इमामनगर सैनिक ब्यारेक पनि पर्दथ्यो । पीडितका अनुसार कटुवाल दिनहुँजसो विहान र बेलुका ब्यारेक परिसरमा घुम्ने गर्दथे र कहिलेकाही पीडितलाई राखिएको मेडिकल थुनुवा कोठानिर आइपुग्दा पहरेदारहरूले गिरीको आँखामा लगाएको कालोपट्टीलाई कसेर बाँधिदिन्थे ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको उजुरीमा पीडित गिरीले उच्चअधिकारीको जवाफदेहिताको सिद्धान्त अनुरूप रूक्माङ्गद कटुवाल लगायतका अन्य उच्चपदस्थ सैनिकअधिकारीहरूमाथि अनुसन्धान गरी कारवाही गर्नुपर्ने माग गरेका थिए ।

नेपालमा उपलब्ध सबै कानुनी व्यवस्था प्रयोग गरेपनि न्याय नपाएपछि पीडित गिरीले एड्भोकेसी फोरमको कानुनी सहयोगमा आफ्नो उजुरी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिसमक्ष २०६४ पुस ३० गते पेश गरे । मानवअधिकार उल्लंघनका पीडितलाई उनीहरूले भोगेका पीडामा सम्भव भएसम्मको सबैखाले उपचारका बाटो पहिल्याउनमा मद्दत गर्ने आइसिसिपिआरको प्रथम ऐच्छिक आलेखअन्तर्गतको व्यक्तिगत उजुरी संयन्त्र प्रयोग गर्ने मुलुकको पहिलो संस्था एड्भोकेसी फोरम हो ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले गिरीको मुद्दामा आइसिसिपिआरका धारा २.३ (प्रभावकारी उपचारको हक), धारा ७ ( यातनाविरूद्धको हक), ९.१ (व्यक्तिको स्वतन्त्रता र सुरक्षाको हक) तथा १०.१ (मानव व्यक्तिको अन्तर्निहित गरिमाको सम्मान) को उल्लंघन भएको भनी ठहर गर्‍यो । यो फैसलाले उजुरीकर्ता गिरीकी श्रीमती धनमाया गिरी र तिनका दुई सन्तान यशोदा तथा योगेश गिरीमाथि समेत राज्यबाट यातना भएको ठहर गरेको छ ।

नेपालले यातनाविरूद्धको महासन्धि सन् १९९१ मै अनुमोदन गरिसकेको र यसको विद्यमान अन्तरिम संविधान (धारा २६) ले प्रस्ट रूपमा यातनालाई फौजदारी कसुर मानेको भएपनि व्यवहारमा यो अहिलेसम्म पनि देवानी कसुरको रूपमा मात्र रहेको छ किनकि यातनाको कसुरमा फौजदारी दण्ड दिने व्यवस्था भएको कुनै पनि विधेयक नेपाली विधायिकाले आजका मितिसम्म पारित गरेको

**Head Office:** Shantiniketan Marg- 94/14,Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4415789/4415646 Fax: 4426698 email:info@advocacyforum.org.np,
URL: http:// www.advocacyforum.org

**Regional & Branch Offices**

Biratnagar Tel: 977-21-530666 Email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-463890 Email: advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 Email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 Email: advsurkhet@yahoo.com
Rupandehi Tel :977-71-522402, Email: advrupandehi@wlink.com.np
Ramechhap Tel: 977-48-540328, Email: advramechhap@ntc.net.np
Bardia: Tel: 977-84-421022, Email: advbardia@ntc.np.np
Nepalgunj Tel: 977-81-526278 Email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 Email: advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 Email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, Email: advdhanusha@yahoo.com
Baglung Tel: 068-520562,Email: advbaglung1@ntc.net.np
Dolakha: 977-49-421010, Email: advdolakha@ntc.net.np
Jhapa: 977-23-436115, Email: info@advocacyforum.org.np

छैन । अझ, विद्यमान यातना क्षतिपूर्ति ऐन २०५३ नेपालको सन्दर्भमा यातनाजस्तो गम्भीर समस्यालाई सम्बोधन गर्न सर्वथा असमर्थ छ । यातनाका मुद्दामा जवाफदेहिताको अभावले समस्यालाई झनै चर्काइरहेको छ ।

राज्यका सुरक्षा निकायले गर्ने यातनामा दण्डहीनता नेपालमा एक संस्कारकै रूपमा चलिआएको छ । यातनालाई सम्बोधन गर्न वर्तमान यातना क्षतिपूर्ति ऐन अपर्याप्त रहेको सर्वविदितै छ । धेरैजसो मुद्दामा राज्यका अधिकारीले पीडितलाई मुद्दा फिर्ता लिन धाकधम्की दिनेगरेका छन् । अझ, यातनामा दण्डहीनताका लागि स्वास्थ्यकर्मीको समेत योगदान रहने गरेको छ । उनीहरूले स्वास्थ्य जाँच प्रतिवेदन लापरबाही र झारा टार्ने किसिमले तयार गर्ने हुनाले अन्य पुष्ट प्रमाण भेटिएपनि प्रतिवेदनमा यातनाको उल्लेख नै गर्दैनन् ।

**थप जानकारीका लागि सम्पर्क गर्नुहोला**
**मन्दिरा शर्मा, कार्यकारी निर्देशक, एड्भोकेसी फोरम, नेपाल**
**फोन : ९७७–०१–९८५–१०–४८४७५**